बैठक नं. - ६९

आज मिति २०७७ पुस २७ गते सोमबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ६९औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र वहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश वहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल वहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर वहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज वहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

## अन्य उपस्थिति

१. राम प्रसाद शर्मा, उप-सचिव, नगर शिक्षा शाखा
२. जिवलाल श्रेष्ठ, शा. अ. आठौं तह, प्रशासन तथा योजना शाखा
३. अमिताप पन्थी, अधिकृत छैठौं, योजना उपशाखा
४. शिव लामकोय, अधिकृत छैठौं, आर्थिक विकास शाखा
५. टिकाराम बस्योल, इन्जिनियर, पुर्वाधार विकास शाखा
६. कृष्ण हरी सापकोटा, सूचना प्र. अधिकृत, सूचना प्रविधि शाखा
७. विमला लम्साल, अधिकृत छैठौं, महिला तथा बालबालिका शाखा

**६९औं बैठक**

**२०७७।९।२७ को नगर कार्यपालिकाको बैठकमा छलफल भइ निर्णय भएका विषयहरु**

१, समपुर अनुदान र विशेष अनुदानका योजना मागगर्ने सम्वन्धमा

२, जलस्रोत विधेयक २०७७ र वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७७ नगर सभामा पेश गर्ने सम्वन्धमा

३, फोहोर व्यवस्थापनमा निजीक्षेत्रलाई सहभागिता गराउने सम्वन्धमा

४, सातौं नगर सभा संचालन गर्ने मिति तय गर्ने

५, वडाको सीमाना हेरफेर गर्ने कार्य संचालन गर्ने सम्वन्धमा

६, देवचुली मार्यादित आवासको सुधार/व्यवस्थापन सम्वन्धमा

७, राधाकृष्ण मन्दिरलाई रहयोग उपलव्ध गराउने सम्वन्धमा

८, रजहरको पिच वाटो परिर्वन गरी नाला निर्माण गरेको रकम भुक्तानी गर्ने सम्वन्धमा

९, भाटभटेनी वाइकोल र मिलन चोक देखि वडा नं. ४ को सिमाना सम्मको सडकको TOR स्वीकृत गर्नेसम्वन्धमा

१०, कृषि तथा पशुको भवन निर्माणको स्थान परिवर्तन सम्वन्धमा

११, कोभिड १९ को खर्च सार्वजनिक सम्वन्धमा

१२, सडकका सोलार पोलवत्ती व्यवस्थापन गर्ने सम्वन्धमा

१३, प्राथमिक स्वास्थ्य केन्द्रको जग्गा सट्टापट्टा गर्ने सम्वन्धमा

१४, सीजी को सवारी पार्किङ शुल्क तथा व्यवस्थापन सम्वन्धमा

१५, दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्लाइ दुम्कौली अस्पताल कायम गरी स्वास्थ्य सेवा संचालन गर्ने

१६, रकमान्तर गरी योजना संचालन गर्ने सम्वन्धमा

क) वडा नं. १२ को सडक पीचको सट्टा सडक स्तरोन्नती गर्ने

ख) वडा नं. ८ को स्ल्याव निर्माणको कार्यको सट्टा धानकाट्ने मेसिन खरिद गर्ने

ग) वडा नं. ७ को करेसावारीको फोहर व्यवस्थापनको सट्टा सीतावास मुलबाटो कालोपत्रे गर्ने

१७, विविध विषय

Scanned with CamScanner

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. १,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा आ.व. २०७८/०७९ का लागि निम्नानुसार शिर्षकमा राष्ट्रिय योजना आयोगमा समपुरक र विशेष अनुदान रकम मागगर्ने निर्णय गरियो ।

क) समपुरक अनुदान शीर्षक अन्तरगत:

१, नगरस्तरीय रिङ्गरोड संचालन वडा नं. १ देखि १७ सम्मका लागि रु, ५ करोड रुपैया

ख) बिषेश अनुदान शीर्षक अन्तरगत:

१, अति बिपन्न दलित,माझी,मुसहर,वोटे आदि जस्ता समुदायका परिवारलाई सुरक्षित आवासका लागि भवन र शौचालय निर्माण कार्य १ करोड ५० लाख ।

२, मानव र वन्यजन्तु बीचको द्वन्द निवारणका लागि रा.नि.संग जोडिएका सिमसार क्षेत्रमा सिमेन्ट-पोल सहितको मेसजाली लगाउने कार्य रु ५ करोड ।

३, विपद्जन्य समस्या समाधानका लागि वौलाहा खोला, लोकाहा खोला,मुकुण्डे खोलामा तटवन्ध गर्ने कार्य रु, १करोड ५० लाख ।

४, खाद्यान्न उत्पादन बृद्धिका लागि मितुङ्ग सिंचाई बाँध निर्माण गर्ने कार्य (वडा नं. ५) रु,५० लाख ।

५, खानेपानी आपूर्तिका लागि हरियोटाँडी स्यालोटुवेल पाइपलाइन विस्तार (वडा नं. १३) रु, ५० लाख ।

**निर्णय नं. २,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा विधायन समितिबाट दफावार छलफल भई नगर कार्यपालिकामा पेश हुन आएको देवचुली नगरपालिकाको जलस्रोत विधेयक २०७७ र वातावरण तथा प्रकृतिक स्रोत संरक्षण सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७७ स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रको फोहोर व्यवस्थापन कार्य नगरपालिकाको एकल प्रयासवाट मात्र सम्भव नदेखिएकोले सार्वजनिक नीजि साझेदारी प्रकृया अन्तरगत प्रतिस्पर्धाका माध्यामबाट निजी क्षेत्र समेतको सहयोगमा संचालन गर्ने गरी प्रकृया अगाडिवढाउने निर्णय गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिकाको सातौं नगर सभा २०७७ साल माघ २२ गते दिनको ११ वजे देखि देवचुली नगरपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रको हालको वडा संख्याको भौगोलिक बनावट समेतलाई परिवर्तन गरी हालको वडा संख्या घटाइ वडाको सिमाना हेरफेर गर्ने पूर्ववत निर्णय अनुसार तोकिए वमोजिमका पदाधिकारीहरुलाई उक्त कार्यको थालनी गरी प्रतिवेदन पेशगर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा विगत आ.ब. समेतबाट यस नगरपालिका क्षेत्रमा अति विपन्न समुदायका दलित, बोटे, माझी, मुशहर आदि जस्ता समुदायका व्यक्तिहरुलाई सुरक्षित आवास निर्माण कार्यक्रम संचालन गर्दै आएकोमा कतिपय भवनहरुमा प्लास्टर, शौचालय लगायत झ्याल-ढोका समेत तयार हुन बाँकी देखिएकोले उक्त कार्य संम्पन्न गर्नका लागि सम्वन्धित वडाको समन्वयमा कम प्राथमिकतामा परेका योजना/कार्यक्रमहरु कटौती गर्न सकिने भए सो कटौती गरी नपुग रकम सम्वन्धित शीर्षकमा विनियोजित रकम समेतबाट मर्यादित आवास निर्माण कार्य समयमा नै सम्पन्न गर्न लगाइ सम्वन्धित परिवारलाई हस्तान्तरण गराउने तर्फ पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७,**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा देवचुली न.पा. वडा नं.७ स्थित राधाकृष्ण मन्दिरको नाममा दर्ता पूर्जा कायम भएको जग्गामा चुरीकला शर्माले विगत लामो समय देखि नै आफ्नो भनी सो जग्गामा भव्न निर्माण गरी भोगचलन गर्दै आएको र उक्त घर-जग्गा खालीगर्ने सिलसिलामा निजलाई अन्यत्र स्थानमा स्थानान्तरण गराइ भवन निर्माण गर्नका लागि मन्दिर व्यवस्थापन समितिलाइ आर्थिक सहायता तथा समाजिक सुरक्षा खर्च शीर्षकबाट रु, ५ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८,**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा देवचुली न.पा. वडा नं. १६ रहजर स्थित आ.व. २०७६/०७७ मा पिचबाटो निर्माण शीर्षकमा बिनियोजित रकम मध्येबाट स्थानीय समुदायको माग तथा वडा कार्यालयको सिफारिस अनुसार तत्काल बाटो पीच गर्नपूर्व पानीको नाला निर्माणका लागि योजना परिवर्तन गर्न माग भए अनुसार सडक पिचको सट्टा नाला निर्माण गर्ने गरी शंसोधन गरिएको लागत अनुमानलाई अनुमोदन गरी प्राविधिक ल.ई. तथा कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा भुक्तानीका लागि निर्देशन दिने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा कुमारी थापा
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ९,**

प्रस्ताव नं. ९ उपर छलफल गर्दा वडा नं. १७ को भाट-भटेनी देखि वडा नं. १६ को बाह्रकोल सम्मको सडक विस्तार गर्ने कार्य र देवचुली न. पा. वडा नं. ५ को मिलन चोक देखि देवचुली न.पा. वडा नं. ४ को सिमाना सम्मको सडक विस्तारको लागि वातावरणीय प्रभाव मुल्यांङकन सम्बन्धी कार्यका लागि प्रस्तुत भए अनुसारको TOR स्वीकृत गरी सो अनुसार वातावरणीय प्रभाव मुल्यांङ-कनका लागि स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. १०,**

प्रस्ताव नं. १० उपर छलफल गर्दा कृषि तथा पशुसेवा शाखाको नाममा दर्ता पूर्जा कायम भएको जग्गामा विदेशी दातृसंस्थाको अनुदान सहयोगमा घाँसको बीउ प्रशोधन तथा कृषि सेवा केन्द्र भवन निर्माणका लागि मिति २०७७।६।४ को नगर कार्यपालिका बैठकबाट स्वीकृत गरि सिफारिस साथ पठाइएकोमा उक्त स्थान मध्यवर्ती क्षेत्र भित्र परेको कारण सो स्थानमा उल्लेखित भवन निर्माण गर्न कठिनाइ परेको भन्ने जानकारी प्राप्त हुन आएकोले उक्त स्थानको सट्टा देवचुली नगरपालिका वडा नं १७ को वडा कार्यालय रहेको साविक रजहर गा.वि.स. को नाममा दर्तापूर्जा कायम भएको जग्गा मध्येबाट उपयुक्त स्थानमा उक्त घाँसको बीउ प्रशोधन तथा कृषि सेवा केन्द्र भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११,**

प्रस्ताव नं. ११ उपर छलफल गर्दा देवचुली न.पा. क्षेत्रमा आ.व. २०७७/०७८ का लागि कोरोना भाइरस नियन्त्रण व्यवस्थापन लगायत अन्य विपद व्यवस्थापनका लागि स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट २०७७ श्रवण देखि २०७७ मंसीरसम्म संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिका समेतको खर्च भएको कुल रकम रु, १,०७,१०,९७४।- मा नगरपालिकाबाट विनियोजित रकम मध्येवाट खर्च भएको रु, ४०,३५,९७४।- रकम सार्वजनिक गरियो ।

**निर्णय नं. १२,**

प्रस्ताव नं. १२ उपर छलफल गर्दा देवचुली न.पा. क्षेत्रका विभिन्न स्थानहरुमा विगत बर्ष देखि सोलार बत्तीको पोल जडान भएको, कतिपय सोलार बत्तीका पोलहरु हाल राजमार्ग बिस्तारको क्षेत्रमा पर्न गइ उक्त पोलहरु तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेको, बैकल्पिक उर्जा तर्फ सुधारिएको चुल्होका लागि यस नगर क्षेत्रमा कोही कसैबाट योजना माग हुन नआएको र बायो ग्यास जडानसमेत माग नभएको हालको अवस्थामा उल्लेखित बैकल्पिक उर्जासंग सम्वन्धित शीर्षमा यस नगरपालिकामा विनियोजित रकम मध्येबाट नगरक्षेत्रका सोलार बत्तीका पोलहरुको व्यवस्थापन, स्थानान्तरण तथा मर्मत संभार कार्यमा उपयोग गर्ने/गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. १३,**

प्रस्ताव नं. १३ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रको नाममा दर्ता पूर्जा कायम भएको साविक सिसवार ७ग कि.नं.११४ क्षेत्रफल ०-८-१० को जग्गा ( स्थानीय मुल्यांङकन अनुसारको मुल्य रु, ........) को पश्चिम तर्फ क्षेत्रफल ०-०-९, जग्गा तीन दशक अगाडि देखि विष्णु कोइरालाको घरले चर्चेको देखिदा विगत समय देखि नै निजले आफ्नो पक्कीघर जोगाउनका लागि निजको नाममा दर्ता पूर्जा कायम भएको दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रको जग्गासंग जोडिएको साविक सिसवार ७ग कि.नं. २८० क्षेत्रफल ०-१-० को जग्गा (स्थानीय मुल्यांङकन अनुसारको मुल्य रु, ..... ) उपलब्ध गराउने सहमती भए अनुसार उक्त जग्गा उपलब्ध भएमा हालको प्रस्तावित क्षेत्रफल अनुसारको १५ शैयाको दुम्कौली अस्पताल भवन निर्माण गर्न सहजहुने देखिएकोले स्थानीय मुल्यांङकनका आधारमा सो जग्गा सट्टापट्टा गर्ने व्यहोरा मनासिव नै देखिन आए अनुसार दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्र संञ्चालक समितिको मिति २०७७।१।६ को निर्णय समेतको आधारमा समान मुल्यांङकन भएको उक्त जग्गा आपसमा सट्टापट्टा गर्ने प्रयोजनका लागि ट्रेस नक्सा सहित आवश्यक प्रकृया अगाडि बढाउनका लागि सम्वन्धित निकायमा सिफारिस साथ पठाउने र तोकिए अनुसारको मापदण्ड पूरागरी दुम्कौली अस्पताल भवन निर्माणका सिलसिलामा साविकको प्रसुती गृह र पुरानो पोष्टमार्टम भवन समेत भत्काइ नयां अस्पताल निर्माणका लागि प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन तथा संचालन समितिबाट भएको निर्णय उपयुक्त देखिएकोले सोही अनुसार भवन निर्माणका लागि स्वीकृत दिने निर्णय गरियो ।

**निर्णय नं. १४,**

प्रस्ताव नं. १४ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत सिजी धाममा अवलोकनका लागि आउने पर्यटकहरुको सवारी साधन व्यवस्थापन लगायत व्यापार व्यावसायमा संलग्न अस्थायी पसल/ठेलाहरु समेतबाट बार्षिकरुपमा पार्किङ व्यवस्थापन गर्नेकार्यमा नगरपालिकाबाट मासिक रु, ३०,०००।- मा जग्गा भाडामा लिने संझौता गरी पार्किङ व्यवस्थापनमा नगरपालिकावाट समेत आवश्यक सहयोग गर्ने गरी आ.व.२०७६/०७७ मा मासिक कर बाहेक रु, १,२५,५०५।- मा श्री पुनम कोल्ड स्टोर (प्रो.अविनास खड्कालाई ठेक्का बन्दोवस्त भएकोमा नगरपालिकाको तर्फबाट तोकिएको स्थानमा पार्किङ गराउन समेत सहयोग नगरेको कारण देखाइ २०७६ पौष देखि पार्किङ शुल्क प्राप्त गनमा आलटाल गरेको र सो असुलीका लागि पत्राचार हुंदै आएकोमा २०७६ चैत्र देखि नै कोरोना भाइरस कोभिड- १९ का कारण सवारी पार्किङ संचालनमा नआएको कारण देखाइ निजबाट उक्त अवधिको पार्किङ शुल्कवापत बक्यौता रकम रु, ४,७२,७३५।५० प्राप्त हुन बांकी रहेकोमा निजले सवारी पार्किङ शुल्क मिन्हा गरी पाउन पटक पटक निवेदन गरे अनुसार २०७६ चैत्र ११ अगाडि भुक्तानी गर्न बांकी रकमको ५०%ले हुन आउने रकम मिन्हा दिई बांकी ५०%ले हुन आउने रकम एकमुष्ठ रुपले यस कार्यालयमा जम्मा गरेमा २०७७ माघ देखि नगरपालिकाले लिएको जग्गा भाडा वापतको रकम निजले नै सम्वन्धित जग्गावालालाई सिधै भुक्तानी दिने र नगरपालिकालाइ मासिक रु,३०,०००।- (तीस हजार) पार्किङ शुल्कवापतको रकम दिने गरी २०७८ असार मसान्त सम्मको लागि सवारी पाकिङ व्यवस्थापन शुल्क संकलन गर्नेगरी इजाजत दिने निर्णय गरियो ।

**निर्णय नं. १५ ,**

प्रस्ताव नं. १५ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगतको दुम्कौली स्वास्थ्य केन्द्रको नाम दुम्कौली अस्पताल कायम गरी सोही अनुसारको स्वास्थ्य सेवा विस्तार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ ,**

प्रस्तावनं. १६ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगतका निम्नानुसारका वडाहरुमा नगरसभाबाट स्वीकृत भएका निम्नानुसारका योजनाहरुमा सम्वन्धित वडाको सिफारिस अनुसार निम्नानुसार परिवर्तन गरी योजना/कार्यक्रम संचालनका लागि इजाजत दिइ नगरसभावाट समर्थन गराउने निर्णय गरियो ।

क) वडा नं.१२ को जनवस्ती सडक पीचका लागि विनियोजित रकम रु, २० लाख सोही सडक विस्तार तथा स्तरोन्नती गर्ने ।

ख) वडा नं. ८ को भेंडी चोकदेखि कस्केली चोकसम्म स्ल्याब निर्माणका लागि विनियोजित रकम रु, १ लाखबाट धानकाट्ने मेसिन खरिद गरी सम्वन्धित उपभोक्ताहरुलाई हस्तान्तरण गर्ने ।

ग) वडा नं. ७ को करेसावारीको फोहोर पानी संकलनका लागि रिङ्ग निर्माणमा विनियोजित रकम रु, ३ लाखबाट सीताबास मुलबाटो कालोपत्रे गर्ने कार्यमा खर्च गर्ने ।

**१७, विविध विषय ,**

(क) नेपाल सरकार समेतको सहयोगमा सबै नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले यस नगरपालिका वडा नं.४ स्थित विगत दशकौं वर्षदेखि बसोवास भइरहेको रुख-विरुवा विहिन शान्तिडाँडाको खाली स्थानमा (हाल अमरज्योति सामुदायिक वन क्षेत्रमा पर्ने) भूमिहीन अति विपन्न समुदायका व्यक्तिहरुलाई स्वास्थ्य सेवा उपलव्ध गराउनका लागि सम्वन्धित वडाको माग बमोजिम आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण गरी भूईतल्ला ढलानसम्मको अवस्थामा पुगिसकेको अवस्थामा वन कार्यालयबाट निर्माण कार्य रोक्काराख्न अनुरोध भइ आए अनुसार निर्माण कार्य रोक्का राखिएकोमा उक्त क्षेत्रका नगवासीहरुलाइ तत्काल स्वाथ्य सेवाउपलव्ध गराउन अन्यत्र कुनै वैकल्पिक स्थान नदेखिएकोले सो भवनको पक्की संरचनाको थपनिर्माण कार्य रोकी सोही भवनमा जस्तापाता लगाइ अस्थायी रुपले स्वास्थ्य सेवा उपलव्ध गराउनका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने ।

(ख) यस नगरपालिका क्षेत्रका प्रत्येक वडाहरुमा नगर शिक्षा योजना निर्माण कार्यढांचामा तोकिए अनुसार वडास्तरीय नगर शिक्षा योजना उप-समिति गठन गरी एक हप्ता भित्र यस नगरपालिका लाई जानकारी गराउने ।

Scanned with CamScanner

(ग) यस नगरपालिका अन्तरगत वडा नं. १६ को हाटबजार व्यवस्थापनमा समेत कोभिड - १९ का कारण ठेक्का बन्दोवस्त हुन नसकी बजार व्यवस्थापनको राजस्व संकलनमा कठिनाइ भएअनुसार २०७८ असार मसान्त सम्मको लागि उक्त स्थानको हाटबजार संचालन तथा कर संकलनको लागि वडा नं.१६ लाई जिम्मेवारी दिने ।

(घ) यस नगरपालिकामा २०७७ श्रावण महिनामा सेवा निवृत्त भएका करार सेवाका कर्मचारीहरुलाई निजहरुको सेवाको उच्च मुल्यांकन गरी निजहरुले खाइपाइ आएको एक महिनाको तलव बरावरको पारिश्रमिक रकम सेवा परामर्श शीर्षकबाट उपलब्ध गराउने ।

(ङ) यस नगरपालिकाको सवारी साधन मर्मत खर्च शीर्षकमा रकम नपुग भएको र वा २ भ १२६० नम्वरको सवारीसाधन मर्मतमा खर्च भएको रकम भुक्तानी गर्न समस्या परेकोले नपुग रकम सम्वन्धित मिल्दो खर्च शीर्षकबाट सवारी साधन मर्मतखर्च रकम भुक्तानी दिने ।

(च) यस नगरपालिका वडा नं. १२ र ५ जोड्ने गैडी र कदमपुरमा पूर्वधार विकास कार्यालयबाट मोटरेवल पूल निर्माणकार्य जारी रहेकोमा सोही वडाको वेलचौतरामा समेत सोही प्रकृतिको पूल आवश्यक देखिएकोले वडा नं. १३ र १२,३,४,५ जानेबाटोमा वेलचौतरामा समेत थप पुल निर्माणका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा कुमारी थापा
नगर प्रमुख

Scanned with CamScanner